नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको
मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com




NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ भदौ ३० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 15 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९


## मल सञ्चय नगरेका किसानहरू अभाव झेल्दै

ओमप्रकाश चौधरी, सेढवा, २९ भदौ/

रासायनिक मल सञ्चय नगरेका पर्साका ग्रामीण भेग किसानहरूलाई



कृषि सामग्री कम्पनी वीरगंजमा टयाक्टरमा मल लोड गर्दै । तस्वीरः फाइल

अहिले मलको समस्या भएको छ ।

अगहनी धानबाली अन्तर्गत सोना मन्सुली, मोटरी मन्सुली तथा बासमतीलगायतका धानको बाला निस्किने समयमा अहिले रासायनिक मल युरियाको अभाव किसानहरूले झेल्नुपरेको हो ।

धानबालीमा आवश्यक भएको बेला प्रत्येक वर्ष किसानहरूले मलको अभाव झेल्नुपरेको छ र यस वर्ष पनि सोही नियति भोग्न किसानहरू बाध्य छन् । जीराभवानी र जगरनाथपुर गाउँपालिकाका केही किसानले प्रत्येक वर्ष धानबालीको बेला मलको अभाव सिर्जना हुने भएकोले धानबाली रोप्नुअगावै मल सञ्चय गरेका छन् । मल सञ्चय गरेका किसानहरूलाई हाइसन्चो भएपनि सञ्चय नगरेका किसानहरू भने मलको लागि दौडधूप गर्दैछन् ।

धानको रोपाइँभन्दा पहिले मल पाएको समयमा मल सञ्चय गरेका कारण अहिले समस्या नभएको जगरनाथपुर गापा-५ चिलझप्टीका किसान शम्भु साहले बताए । प्रत्येक वर्ष मलको समस्या भोग्नुपरेकोले यसपटक मल आवश्यक नभएको बेला संस्थामा मल आएपछि आफूले खरीद गरेर सञ्चय गरेको उनले बताए ।

विगतका वर्षहरूमा नेपालमा मलको अभाव भएको बेला सीमापारि भारतीय बजारबाट किसानहरूले मल ल्याएर गर्जो टार्दै आएका थिए । तर यसपटक भने भारतमा नै मलको अभाव भएको छ । त्यहाँका किसानहरूले नेपालमा मल सहज भएको बेला तस्करी गरी मल लाने गरेका थिए । नेपालमा मल उपलब्ध भएको बेला भारतीय बजार भङ्गाहा तथा इनरुवा बजारमा तस्करीबाट पुगेको थियो ।

धानबालीका लागि नेपाली किसानहरूलाई अहिले अन्तिमपटक मल छर्न जरुरी भएकोले उनीहरू कृषि सहकारी संस्थामा भौतारिंदै गरेको जगरनाथपुर गाउँपालिका-३ बिजबनिया निवासी कृषक रमेश रामले बताए । उनले नेपालमा मल छैन र भारतमा पनि मलको अभाव भएकाले अन्योलमा परेको बताए ।

कतै मल छैन तर मल लुकाएका व्यापारीहरूले रु ८५० पर्ने ५० किलोको प्रतिबोरा युरिया मल रु १३ सम्म बिक्री गरेका छन् । अहिले महँगोमा मल खरीद गर्ने किसानहरूलाई पनि युरिया मल उपलब्ध छैन । कालोबजारी गर्ने व्यापारीहरूको गोदाम पनि रित्तिएको छ ।

स्थानीय तहले आआफ्नो पालिकामा मलको मूल्य निर्धारण गरेका थिए । जगरनाथपुर गापाले ५० किलोको प्रतिबोरा युरिया मल रु ८५०, जीराभवानी गापाले रु ८७५ र ठोरी गापाले रु ९५० मूल्य निर्धारण गरेका थिए । मोल निर्धारण गर्ने दायित्व मात्र निर्वाह गरेका पालिकाहरू अहिले मलको हाहाकार मच्चिंदा किसानहरूलाई मल दिलाएर राहत प्रदान गर्ने सवालमा भने पछि परेका छन् ।

जीराभवानी गापा-२ स्थित मारुती नन्दन कृषि सहकारी संस्थाका सञ्चालक सत्यनारायण साहले सातामा साल्ट ट्रेडिङ कम्पनीले एक सय बोरा मल दिंदै आए पनि गत सातादेखि ३० बोरा मल मात्रै दिइरहेको बताए । उनले ३० बोरा मल एक घण्टा नबित्दै सकिएको बताए । कम्पनीले जीराभवानी गाउँपालिकालाई साताको बुधवार मात्र मल दिने गरेको छ । भोलि बुधवार हो र कति मल दिन्छ थाहा नभएको उनले बताए ।

## निजी रेल कम्पनीले पहिलोपटक नेपालमा सामान ल्याउँदै

राधेश्याम पटेल, परवानीपुर, २९ भदौ/

निजी रेल कम्पनीले नेपालमा पहिलोपटक सामान ल्याइरहेको छ ।

भारतीय हिन्द टर्मिनल प्रालि (एचटिपिएल)ले पहिलोपटक हल्दिया बन्दरगाहबाट कन्टेनर बोकेको रेल




ल्याउन लागेको हो ।

नेपाल-भारत तथा तेस्रो मुलुकको पारवहन क्षेत्रमैं यो नेपालको लागि ठूलो उपलब्धि हो । सन् २००० देखि निर्माण कार्य शुरू भई सन् २००४ देखि सञ्चालनमा आएको वीरगंजको श्रीसिया सुक्खा बन्दरगाहमा हालसम्म भारत सरकारको भारतीय रेलवेले मालसामान ल्याउने गरेको छ ।

हालसम्म भारतीय रेलवेको भगिनी संस्थाको रूपमा रहेको कङ्करले मात्र रेल सञ्चालन गर्दै आएको थियो । तर डेढ महीनाअघि नेपाल र भारत सरकारबीच भएको रेलवे सर्भिस एग्रिमेन्ट (आरएसए) अनुसार नेपाली, भारतीय वा विदेशी निजी कम्पनीले पनि मालसामान बोक्ने रेल चलाउने व्यवस्थालाई स्वीकृति प्रदान गरिएपछि भारतीय निजी कम्पनीले पहिलोपटक मालवाहक रेल नेपाल ल्याइरहेको हो ।

पश्चिम बङ्गालको हल्दिया बन्दरगाहबाट हिंडेको रेल सीतामढीमा आइसकेको र राति नै रक्सौल पुग्ने बताइएको छ ।

नेपाल इन्टरमोडल यातायात विकास समितिका निर्देशक हेमेन्द्र शाहीका अनुसार ९० वटा २० फुटे कन्टेनर लोड हुने र्‍याक बोकेको हिन्द टर्मिनलको निजी रेल बुधवार बिहान ९ बजे रक्सौल भन्सारबाट आवश्यक कागजी प्रक्रिया पूरा गरी बिहान १० बजेसम्म श्रीसिया सुक्खा बन्दरगाहमा आइपुग्नेछ ।

"बुधवार बिहान ९ बजे भन्सारको प्रक्रिया पूरा गरेर नेपाल प्रवेश गर्नेछ," उनले भने, "यो नेपाल, भारत र तेस्रो मुलुकको व्यापार सहजीकरणमा निकै महत्त्वपूर्ण कदम हो ।"

रेलमार्गबाट मालसामान आयात-निर्यातमा प्रतिस्पर्धी थपिएपछि आयात, निर्यात भाडामा कमी आउने र नेपाली व्यवसायीलाई फाइदा पुग्ने विश्वास लिइएको छ ।

निजी कम्पनीले रेल चलाएपछि कङ्करको १७ वर्षको एकलौटी समाप्त हुने वीरगंजका व्यवसायीहरूले बताएका छन् ।

## विव्यस गठन, गत वर्ष डेढ करोड फ्रिज

प्रस, परवानीपुर, २९ भदौ/

पर्साको बहुदरमाई नगरपालिका वडा नं ८ मा सञ्चालित देवनन्दन देवराज नमूना माध्यमिक विद्यालय रामनगरीमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ ।

विद्यालय परिसरमा आयोजित अभिभावक भेलाले चार सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरेको हो । अभिभावकहरूबीचको रस्साकस्सी र विवादका कारण पौने दुई वर्षदेखि विद्यालय व्यवस्थापन समिति गठन हुन सकेको थिएन ।

जसको कारण गत वर्ष मात्रै शिक्षा विभागले विद्यालयको लागि बहुदरमाई नगरपालिकाको खातामा पठाएको डेढ करोड रुपैयाँ फ्रिज भएको थियो । त्यसै कारण अभिभावकहरूले सर्वसहमतिले चारजना सदस्यलाई छनोट गरेको विद्यालयका प्रधानाध्यापक मनोजकुमार श्रीवास्तवले जानकारी गराए । नवगठित समितिका सदस्यहरूमा रञ्जीत साह, हरिन्द्र पडित, रेखादेवी गोसाइन, प्रतिमादेवी साह रहेका छन् ।

विद्यालयका प्रधानाध्यापक उक्त समितिको सदस्य सचिवमा रहने शिक्षा ऐनमा व्यवस्था छ । त्यसैगरी, ९ सदस्यीय समितिको शिक्षक प्रतिनिधिमा शिक्षक कर्मचारीको तर्फबाट मनोज सहनीलाई चयन गरिएको छ ।

भदौ ३१ गते ६ सदस्यीय समितिले संस्थापक, चन्दादाता, शिक्षाप्रेमी, बुद्धिजीवी वर्गबाट एकजना महिलासहित




नवगठीत विद्यालय व्यवस्थापन समितिका सदस्यहरू । तस्वीरः प्रतीक

थप दुईजना सदस्यलाई मनोनीत गर्नेछ । त्यसैगरी, विद्यालय रहेको वडाका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि पदेन सदस्य रहने व्यवस्था छ । यसरी समिति पूर्णरूपमा ९ सदस्यीय भइसकेपछि वरिष्ठ सदस्यको अध्यक्षतामा बसेको बैठकले एकजनालाई अध्यक्ष चयन गर्ने नियम छ ।

पर्साका चारवटा नमूना विद्यालय नृसिंह वीरगंज, जिल्ला उचाङ्गल पोखरिया, सरस्वती मावि ठोरी र देवनन्दन देवराज मावि रामनगरी हुन् । नमूना विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक क्षेत्र विकासको लागि सरकारले वार्षिक डेढ करोड रुपैयाँ दिने गुरुयोजना लागू गरेको छ । देवनन्दन देवराज माविमा करीब आठ सय विद्यार्थी अध्ययनरत छन् ।

विद्यालयले कक्षा १२ सम्म वाणिज्य र शिक्षा सङ्कायमा अध्यापन गराउँदै आएको छ ।

## सुन व्यापारीको हत्या विरुद्ध प्रदर्शन, रक्सौल बजार बन्द

राजेश केशरीवाल, रक्सौल, २९ भदौ/

रक्सौलका सुन व्यापारी कपिलदेवप्रसाद सर्राफ र उनको नातामा




पर्ने नातिको सोमवार भएको हत्याको विरोधमा मङ्गलवार रक्सौल बजार बन्द भएको छ ।

स्वर्णकार समाजले हत्याको विरोधमा रक्सौलको सुन पसलहरू बन्द गराएका थिए भने राजपाका कार्यकर्ताहरूले बजार बन्द गराएका थिए ।

राजपाले मङ्गलवार रक्सौलमा हत्याको विरोधमा प्रदर्शन पनि गरे ।

स्वर्णकार समाजले हत्यारालाई पक्राउ गरि कारबाई गर्नको लागि रक्सौल थानामा ज्ञापन पत्र बुझाएको छ ।

सोमवार साँझ कपिलदेव प्रसाद सर्राफ र उनको नातामा पर्ने नाति चन्दन कुमार माथि अज्ञात समूहले गोली प्रहार गरेको थियो । गोली प्रहारबाट नाति चन्दनको घटनास्थलमै मृत्यु भएको थियो भने कपिलदेवको एसआरपी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । घाइते कपिलदेवले गोली लागेपछि आफूलाई भू माफियले अपराधी लगाएर गोली प्रहार गरि हत्या गरेको प्रारम्भिक बयान दिएका थिए ।

कपिल देवका छोरा अजयकुमार सर्राफको यसअघि पसलमै अज्ञात समूहले गोली हानी हत्या गरेको थियो ।

छोराको हत्या गुत्थी नसुल्झिंदै अहिले दुईजनाको हत्या भएको छ ।

रक्सौल पुलिसले हत्याराको पहिचान गरी सकेको छैन । केही दिन यता रक्सौलमा अपराधिक घटनामा वृद्धि भएको छ ।

सोमवारनै रामगढवा थानाको पिपरपाति चोकमा कुखुरा व्यापारी बुन्नीलाल साहलाई चक्कू प्रहारबाट हत्या गरिएको थियो ।

## प्रदेशसभाको बैठक अनिश्चित

प्रस, जनकपुरधाम, २९ भदौ/

प्रदेश नं २ को प्रदेशसभा बैठक बस्न नसकेको दुई महीना भयो । कहिले बस्ने अझै यकीन नभएको प्रदेश स्थित राजनीतिक दलका अगुवाहरूले बताएका छन् ।

सत्तारूढ दल जनता समाजवादी पार्टी (जसपा) र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) विभाजनका कारण




प्रदेशसभाको बैठक अनिश्चित बनेको हो । बितेको असारमा प्रदेश सरकारले प्रदेशसभाबाट बजेट पारित गरेपछि छैटौं अधिवेशन अन्त्य गरिएको थियो । सातौं अधिवेशनको हालसम्म कुनै सुरसार छैन ।

लामो समयसम्म प्रदेशसभा बैठक नबस्दा संसद्माथि नै प्रश्न उठेको सत्तारूढ दलकै सांसदहरूले


(बाँकी अन्तिम पातामा)



साबुनपानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

आत्मविश्वास जिन्दगीको सबैभन्दा राम्रो बिहानी हो, जसले तपाईंलाई दिनभरि सुन्दर बनाइराख्छ ।


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सकिएकै हो सङ्क्रमणकाल ?

देशको सङ्घीय गणतन्त्रात्मक संविधान अस्तित्वमा आएसँगै राजनीतिक सङ्क्रमणकाल सकियो भनी ढुक्क भएको नेपाली नागरिक यताका नयाँ–नयाँ राजनीतिक चालामाला तथा सामाजिक क्षेत्रमा गुम्सिएका भावनाहरूको प्रस्फुटनले टड्कारो नदेखिए पनि, सङ्क्रमणकाल अझै जारी रहेको कुरामा विश्वस्त हुन थालेको छ। राजनीतिक सङ्क्रमणकाल सकिएर देश सुशासनको अवस्थामा पुग्नुपर्ने हो। तर सुशासन त के, सामान्य शासनसमेतमा हाम्रा राजनीतिक दलहरू विफल भइरहेका छन्। पहिलो कुरा त दल के हो, निर्दल के हो भन्ने कुरा नै खुटयाउन धौ–धौ छ। दलको निर्णयविपरीत जानु, उच्चतम राजनीतिक संस्थाहरूले अधिकारको दुरुपयोग गरी एक पक्षलाई लाभ पुग्ने क्रियाकलाप गर्नु, दलहरूमा निरन्तर विभाजन हुनुले राजनीतिक असफलताको बाटो मात्र प्रशस्त गरिरहेका छन् । बहुदलीयको अर्थ धेरै दल होइन, अपितु मान्य राजनीतिक सिद्धान्तका आधारमा बनेका तत्‌तत् दल भन्ने पो बुझाउँछ। कुनै पनि बहुदलीय राजनीतिक व्यवस्था भएको मुलुकमा यसरी दलहरूको बिगबिगी देख्न पाइन्न । दलभित्र वैचारिक मतभिन्नता स्वाभाविक हो, तर पदकै लागि मतभिन्नतालाई के भन्ने ?

सामाजिक क्षेत्रमा पनि त्यही भाँडभैलो र राज्यविरुद्ध क्रियाकलापमा बढोत्तरी भइरहेको छ। भर्खरै जाली नेपाली नोट बनाउने एउटा गिरोहलाई प्रहरीले पक्राउ गरेको छ । कोही बिरामी मर्दैमा सम्पूर्ण नियम–कानूनको धज्जी उडाउँदै अस्पताल र चिकित्सकमाथि आक्रमण चलि नै रहेको छ । व्यक्ति स्वयम् न्यायाधीश बनेको छ। पुराना कुरीति त जारी नै छ, नयाँ–नयाँ कुरीतिहरूको भेल आउन थालेको छ । बलात्कार, हिंसा, लैङ्गिक–जातीय भेदभावको जरो उखेल्न सकिएको छैन । सामाजिक सञ्जालको नाममा देशको नयाँ पुस्ताको दिमाग र शारीरिक क्रियाशीलता निष्क्रिय पारिँदै छ। आफूलाई खुशी लाग्नुपर्छ, बहुजनको चाहना र इच्छाको सम्मान नगरे पनि हुन्छ भन्ने स्वेच्छाचारिता विकसित हुँदैछ। काम गर्नु अगाडि सोच्ने, कार्ययोजना बनाउने नभई, काम गरेपछि आइपर्ने विभिन्न बाधा–अडचनबाट हताशिने मनोरोग बढ्दै छ। देश चलाउने ठोस कार्यनीति छैन, जसलाई जे मन लाग्छ, त्यही गर्छ । देशमा एउटा नकारात्मक प्रवृत्तिको विकास भएको छ। आफूले गर्दा सर्वोत्तम मानिएको काम अरूले गर्दा अग्राहृय बन्छ।

नेपालमा अमेरिकी सहयोगको एमसिसी कार्यक्रमबारे आज वर्षौं बितिसक्दा पनि यो देश हितमा छ कि छैन भन्ने निर्क्योलमा पुग्न सकिएको छैन । यस सम्बन्धमा छापामा आएका कुराले स्वाभिमानी प्रत्येक नेपालीको शिर निहुरिन पुगेको छ। सरकारमा छँदा एमसिसी पारित गराउन मरिहत्ते गर्ने दल सत्ताच्युत हुनेबित्तिकै त्यसकै खैरो खन्न लागिपर्छ। देशमा विद्युत् उत्पादन बढी भयो भनिन्छ तर दिनभरिमा दशौंपटक विद्युत् आपूर्ति बन्द हुन्छ। राष्ट्रिय गौरवका लागि गरिने काममा सरकार यतिसम्म प्रतिबद्ध हुन्छ कि समयमा र उच्चतम गुणस्तरमा सम्पन्न गर्नु जीवन–मरणको प्रश्न बन्छ, तर नेपालमा त्यस्तो काम कहिले अन्जामसम्म पुग्दैन, मेलम्चीको हबिगत हाम्रो सामुन्ने छ। ललिता निवास प्रकरणमा गठित छानबीन समितिको प्रतिवेदन हेरेर सरकारको हातखुट्टा गल्छ। यस्तोमा जयसिंह धामीजस्ता सर्वसाधारण नागरिकको लागि कसले कोकोहोलो मचाउने ? यस्तो मौन सङ्क्रमणलाई सुशासन भन्ने हो भने यहाँजस्तो सुशासन खोजेर कतै पाइन्न ।

# कोप–२६

स्वतन्त्र विचार



विनोद गुप्ता

**नेपालको वैज्ञानिक वन व्यवस्थापनले के अब 'चारकोसे झाडी' फर्काउन सक्ला ? यसको साथै प्राकृतिक विविधताको ध्यानै नगरी रोपिएका रूखबिरुवाहरूले कति लाभ देलान् र यति रूख कटानी गरेबापत दोब्बर वा तेब्बर रोपिने भनेर चकलेट बाँड्ने काम व्यर्थ को छ किनभने एउटा रूखलाई वयस्क हुन कम्तीमा ८–१० वर्ष लाग्छ र वयस्क भइनसकुन्जेल वायुमण्डलमा त्यति परिमाणमा अक्सिजन आपूर्ति पुग्दासम्म अर्कोतिर वन फँडानी नहोला भनेर कसले प्रत्याभूति गर्न सक्छ ।**

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसी)को २६औं सम्मेलन आगामी कात्तिक १५ देखि २६ गते (नवम्बर १ देखि १२ सम्म) सम्म बेलायतको ग्लास्गोमा हुने भएको छ । जलवायु परिवर्तनका कारण पृथ्वीका विभिन्न प्रणालीमा गम्भीर असर परि रहेको सन्दर्भमा यो सम्मेलन अत्यन्त महत्त्वपूर्ण हुने आशा गरिएको छ । सन् २०१५ मा भएको पेरिस सम्झौतामा २०५० सम्ममा हरित ग्यासको उत्सर्जन शून्यमा पुर्‍याउने रोडम्यापका साथै औसत तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित गर्ने तथा २० डिग्रीभन्दा बढ्न नदिने सहमति भएको थियो ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी संस्था (आइपिसिसी)ले हालै सार्वजनिक गरेको 'जलवायु परिवर्तनका लागि भौतिक विज्ञान' नामक प्रतिवेदनले पृथ्वीको वायुमण्डलको तापक्रम १.१ डिग्रीले बढेको र आगामी १० वर्षमा यो १.५ डिग्रीले बढ्न सक्ने प्रक्षेपण गरेको छ। १.१ डिग्री सेल्सियसले तापक्रम बढ्दा अफ्रिकी देश माडागास्करमा पानी नपरी चार दशकयताको सबैभन्दा ठूलो खडेरी बेहोरिरहेको छ। त्यस्तै, नेपालमा समेत विगतका वर्षहरूबाट देखिंदै आएको र यस वर्षसमेत मेलम्चीलगायतका बाढीहरूको अध्ययनबाट कार्बनडाइअक्साइडको बढ्दो उत्सर्जनबाट वायुमण्डलको तापक्रम बढेको, वनमा डढेलो लाग्ने क्रम, खडेरीका साथै उच्च हिमाली क्षेत्रमा हिउँ पग्लने क्रम बढेको र यसबाट हिमनदी तथा हिमतालको स्थिति र प्रवाह असन्तुलित हुन पुगको छ। विश्व तापमान १ डिग्रीले वृद्धि हुँदा नेपालमा एक अध्ययनले नेपालको हिमाली क्षेत्रमा १.८ डिग्रीले तापक्रम बढेको एक अध्ययनले देखाएको छ । पेरिस सम्झौताको रोडम्याप अनुसार नेपाललाई यस क्षेत्रमा काम गर्न २५ बिलियन अमेरिकी डलर आवश्यक पर्ने मन्त्रालयको अनुमान छ। सन् १९७१ देखि २०१९ सम्ममा सरदर वार्षिक ६२७ जनाको मृत्यु र वार्षिक तीन अर्ब रुपैयाँको नोक्सानी हुँदै आएकोमा यो सन् २०१७ मा सात अर्ब पुगेको र यस वर्ष पनि बढ्ने अनुमान मन्त्रालयले गरेको छ।

प्रदूषण कति हदसम्म घातक छ भन्ने कुरा भारतमा गरिएको एक अध्ययनले वायु प्रदूषणका कारण विगत २० वर्षमा नागरिकको औसत आयु नौ वर्षले घटेको देखाएको छ । शिकागो विश्वविद्यालय अन्तर्गतको दि इनर्जी पोलिसी इन्स्टिच्युटले गरेको एक अध्ययन अनुसार उत्तरी भारतमा रहने करीब चार करोड ८० लाख मानिस बर्सेनि वायु प्रदूषणबाट नराम्ररी प्रभावित हुने गरेका छन् । यसबाहेक भारतको मेगासिटीमा बस्ने नागरिकहरूलाई उपलब्ध हुने हावा अन्य शहरहरूको तुलनामा १० गुणा बढी खराब रहेको भेटिएको छ । नेपालमा भने तापक्रम नाप्ने र केही स्थानमा जडान गरिएका प्रदूषण सूचक विद्युतीय पाटीबाहेक अन्य कुनै अध्ययन भएको थाहा पाएको छैन। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनेमा काटिने २४ लाख रूख, पूर्व–पश्चिम रेलमार्ग र रक्सौल–काठमाडौं तथा केरुङ–काठमाडौं र काठमाडौं–लुम्बिनी रेलमार्गले के कति क्षति पुर्‍याउने हो आकलन गर्न तलको तथ्याङ्क पर्याप्त होला जस्तो लाग्छ।

एउटा वयस्क रूखले एक वर्षमा १०३ लिटर अक्सिजन उत्सर्जन गर्छ र २२ किलो कार्बनडाइअक्साइड सोस्छ। निजगढका २४ लाख रूखको मात्र हिसाब गर्दा मात्रै पनि २,४७,२०० टन अक्सिजनको उत्सर्जन नेपालमा घट्ने र भदौ २० गतेको नयाँ पत्रिकामा प्रकाशित 'वैज्ञानिक वनको अवैज्ञानिक व्यवस्थापन कोप–२६' शीर्षकमा बाबुराम गोपाली र डिबी नेपालीको लेख अनुसार एउटा व्यक्तिले एक दिनमा ५३० लिटर अक्सिजन श्वासप्रश्वासमा प्रयोग गर्ने उल्लेख भए अनुसार बर्सेनि १९,३४५ टन अक्सिजन प्रतिव्यक्ति चाहिने र यसका लागि प्रतिव्यक्ति कति रूख चाहिने हो कल्पना गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले सधैंजसो हरित ग्यास उत्सर्जनमा न्यून भूमिकाको बावजूद जलवायु परिवर्तनको असरबाट प्रभावित भइरहेको कुरा उठाउँदै आएको छ । यसपालिको सम्मेलनमा प्रधानमन्त्रीकै सहभागिता हुने गरी कार्यक्रमहरू अगाडि बढाइसकेको जानकारीसमेत प्राप्त भएको छ।

'जलवायु परिवर्तनका लागि भौतिक विज्ञान' नामक प्रतिवेदन विश्वका ६० भन्दा बढी मुलुकका २३४ जना वैज्ञानिकले १४ हजारभन्दा बढी अध्ययनको नतीजाका आधारमा तयार गरिएको हो। यस प्रतिवेदनले आफ्नो अनपेक्षित अवस्थाका लागि मानवीय गतिविधि सबैभन्दा बढी जिम्मेवार भएको निष्कर्ष निकालेको छ । मानवजातिले आफ्नो विकासको क्रममा आजको अवस्थामा आइपुग्दासम्म पृथ्वीलाई आफ्नो नियन्त्रणमा लिएर यसको सन्तुलनलाई यति विधि बिगारेको छ कि केही परिवर्तन जस्तै समुद्र सतहको वृद्धि, हिमतालमा देखिएको परिवर्तन र मौसमको अनिश्चितता करीब–करीब पुरानो स्थितिमा फर्काउन नसकिने अवस्थामा पुगिसकेका छन् । स्थिति कति गम्भीर छ भनेर बुझ्न राष्ट्रसङ्घका महासचिवको भनाइ अनुसार यो प्रतिवेदन मानवताको लागि 'कोड रेड' भएको र यो अवस्थामा कोइला र जीवाश्म इन्धनको प्रयोग रोक्न नसकिए 'डेथनेल' हुने पक्का छ।

यसपालिको कोरोना कहरको दौरान प्रायः सबैले अक्सिजनको महत्त्व बुझेको हुनुपर्छ । २०–२५ लिटर सिलिन्डरको मूल्य प्रतिसिलिन्डर रु छ सयसम्म पर्ने र त्यो पनि नपाइने अवस्थामा प्रकृतिले निश्शुल्क उपलब्ध गराएको दैनिक ५३० लिटर अर्थात् रु १२,७२० मूल्यबराबरको निश्शुल्क अक्सिजनको जगेर्नासमेत गर्न नसक्ने हामी कति पशुवत हुन पुगेको छौं विचारणीय हुन आउँछ। यसमा अझ नागरिकस्तरबाट भइरहेको वनविनाशको कथा बेग्लै छ। नेपालको वैज्ञानिक वन व्यवस्थापनले के अब 'चारकोसे झाडी' फर्काउन सक्ला ? यसको साथै प्राकृतिक विविधताको ध्यानै नगरी रोपिएका रूखबिरुवाहरूले कति लाभ देलान् र यति रूख कटानी गरेबापत दोब्बर वा तेब्बर रोपिने भनेर चकलेट बाँड्ने काम व्यर्थ को छ किनभने एउटा रूखलाई वयस्क हुन कम्तीमा ८–१० वर्ष लाग्छ र वयस्क भइनसकुन्जेल वायुमण्डलमा त्यति परिमाणमा अक्सिजन आपूर्ति पुग्दासम्म अर्कोतिर वन फँडानी नहोला भनेर कसले प्रत्याभूति गर्न सक्छ।

# बालदिवसको अवसरमा विविध प्रतियोगिता

प्रस, ठोरी, २९ भदौ/

ठोरी गाउँपालिका–४ मा रहेको मावि विजयबस्तीले मङ्गलवार राष्ट्रिय




बालदिवस भव्यताका साथ मनाएको छ।

नेपालमा विसं २०६३ देखि प्रत्येक वर्ष भदौ २९ गतेका दिन मनाउन थालिएको बालदिवसको अवसरमा विविध खेलकूद कार्यक्रमहरूको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक नारायण लामाले बताए ।

विद्यालयमा सम्पन्न खेलकूद कार्यक्रममा आधारभूत तहको कक्षा ८ सम्मका छात्रछात्राहरूले भाग लिएका थिए।

खेलकूदहरूमा सियोधागो खेल, म्युजिकल चेयर, हिसाब दौड र साधारण दौड प्रतियोगिता समावेश गरिएको प्रअ लामाले बताए ।

सम्पन्न प्रतियोगिताहरूमध्ये सियोधागो खेलमा कक्षा ७ की छात्रा सञ्जु श्रेष्ठ प्रथम भएकी थिइन् भने द्वितीय तथा तृतीय कक्षा ७ कै क्रमशः आशा श्रेष्ठ र आकृति श्रेष्ठ भए।

त्यस्तै, हिसाब दौड प्रतियोगितामा कक्षा ५ का सन्दीप श्रेष्ठ, निकेश श्रेष्ठ एवं जीवन तामाङ क्रमशः प्रथम, द्वितीय र तृतीय घोषित भए ।

म्युजिकल चेयरमा कक्षा ६ का मीनबहादुर श्रेष्ठ प्रथम, कक्षा ४ की आस्था श्रेष्ठ द्वितीय र कक्षा ६ का वसन्त श्रेष्ठ तृतीय भए। त्यसैगरी, कक्षा ३ को साधारण दौडमा रोज श्रेष्ठ प्रथम, सर्मन श्रेष्ठ द्वितीय र आयुष श्रेष्ठ तृतीय भए भने कक्षा १ तथा केजीको दौडमा कक्षा १ का सफल श्रेष्ठ प्रथम, केजीका प्रवीण लामा द्वितीय तथा केजीकी मौसमी बमजन तृतीय भए ।

कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थीहरूको उपस्थिति थियो। विजेताहरूलाई कार्यक्रममा शिक्षकशिक्षिकाहरूले पुरस्कृत गरेका थिए।

***प्रस, वीरगंज/***

बालदिवसको अवसरमा नेपाल राष्ट्रिय सीताराम महतो मावि भौराटारमा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ।

'सामान्य अवस्था वा कोभिड महामारी : बालअधिकार संरक्षण हामी सबैको जिम्मेवारी' नारासहित ५७औं




राष्ट्रिय बाल दिवस मनाउने क्रममा पर्साको बहुदरमाई नगरपालिका–५ भौराटारस्थित नेपाल राष्ट्रिय सीताराम महतो माविमा हाजिरीजवाफ प्रतियोगिता भएको हो।

विद्यालयका बालबालिकाहरूको उज्ज्वल भविष्यको कामना गर्दै नेपालको संविधानको धारा ३९ मा मौलिक हकको रूपमा बालबालिकाको हक, बालबालिकासम्बन्धी ऐन, राष्ट्रिय नीति र बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय कानूनलगायत अतिरिक्त कार्यक्रम बालबालिकाको सर्वाङ्गीण विकासका लागि सकारात्मक रहेको विद्यालयका प्रधानाध्यापक सञ्जय कुमारले बताए ।

विद्यालय प्राङ्गणामा सम्पन्न हाजिरजवाफ प्रतियोगितामा कक्षा सात, आठ, नौ र दशका विद्यार्थीहरूले भाग लिएका थिए ।

विजेता समूहलाई पुरस्कार वितरण गरिएको थियो। कार्यक्रममा शिक्षक, शिक्षिका, कर्मचारी, विद्यार्थीहरूको सहभागिता थियो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# सिर्जनशील बालबालिका नै भविष्यका आशाका किरण हुन –राष्ट्रपति

काठमाडौं, २९ भदौ/रासस

"बालबालिका जीवन र जगत्लाई निरन्तरता दिने सृष्टिका कोपिला हुन", बाल दिवसका अवसरमा राष्ट्रपति



बाल कविता प्रतियोगिताकी विजेता दृष्टि कुलुङ राईलाई पुरस्कार प्रदान गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी। तस्वीरः रासस

विद्यादेवी भण्डारीले भने, "सिर्जनशील बालबालिका नै भविष्यका आशाका किरण हुन्।"

बालबालिकाको समग्र विकासका लागि बालमैत्री समाज निर्माण गर्न सबैलाई आग्रह गर्दै उनले बालबालिकालाई भने, "व्यक्तित्व विकासको महत्वपूर्ण चरणमा रहेका बालबालिकाले अनुशासन र मेहनत गरी अतिरिक्त क्रियाकलापमा सहभागी हुन म आग्रह गर्छु।" उनले सिर्जनात्मक कार्यक्रममा सहभागी हुन आग्रहसमेत गरे।

बाल दिवसका अवसरमा राष्ट्रपति कार्यालयमा बालबालिकासँग भेट्न पाएकामा खुशी व्यक्त गर्दै उनले भने, "बालबालिका भनेका भविष्यका जिम्मेवार नागरिक हुन, परिवार, विद्यालय र राष्ट्रले बालबालिका सहभागिताको विषयमा ध्यान दिनुपर्छ।"

राष्ट्रपति भण्डारीले बालबालिकाको विकासका लागि नेपाल सरकारले सङ्घ, प्रदेश, स्थानीय तहमा सडक बालबालिकामुक्त राष्ट्र अभियान, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र, बाल कोष, अस्पतालमा शय्याको व्यवस्था गरेको स्मरण गराए। साथै बालबालिकाको संरक्षणका लागि थप चेतनामूलक कार्यक्रम चलाउन जरुरी रहेकोसमेत उनको भनाइ थियो।

बालबालिकाको संरक्षण गर्नका लागि कोभिड–१९ विरुद्धको खोप ल्याउनका लागि सरकारले पहल गरिरहेको र नेपाल सरकारको नीति तथा कार्यक्रममा बालबालिका प्रतिष्ठानको अवधारणा अघि सारिएको बताए।

बाल दिवसका अवसरमा नेपाल बाल सङ्गठनले आयोजना गरेको कार्यक्रममा राष्ट्रपति भण्डारीले सरकारले बालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषणजस्ता कुरामा ध्यान दिएको छ भने। सो अवसरमा राष्ट्रपति भण्डारीले चित्रकला, बालगीत, कविता र नृत्य प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाले देश सङ्घीयतामा प्रवेश गरेसँगै बालबालिकालाई स्थानीय तहबाटै संरक्षण गर्नुपर्ने गरी काम भइरहेको बताइन्। "बालबालिकाको संरक्षणका लागि सरकारले प्रयास गरिरहेको छ", उनले भने, "यो वर्ष तीन हजार हराएका बालबालिका फेला पारी परिवारको सम्पर्कमा बुझाइएको छ।"

नेपाल बाल सङ्गठनका अध्यक्ष विद्या उपाध्यायले अभिभावकविहीन बालबालिकालाई संरक्षण दिने र शिक्षा दिने व्यवस्था गरिरहेको जानकारी दिए। "नेपाल बाल सङ्गठनको देशभर भएका भौतिक सम्पत्तिको संरक्षण हुन सकेको छैन", अध्यक्ष उपाध्यायले भने, "भौतिक सम्पत्तिको राम्ररी संरक्षण भए बालबालिकाको संरक्षण, शिक्षा र स्वास्थ्यमा सहयोग पुग्ने थियो।" उनले बालमन्दिरका बालबालिकाको हेरचाहका लागि सरकारले बजेटसमेत बढाइदिनु आग्रह गरे।

नेपालमा कुल जनसङ्ख्याको एक तिहाइ बालबालिका रहेका छन्। तीमध्ये १८ वर्षमुनिका बालबालिका एक करोड १५ लाख (४१.८ प्रतिशत) छन्। संयुक्त राष्ट्रसङ्घको बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपाल सरकारले सन् १९९० सेप्तेम्बर १४ अर्थात विसं २०४७ भदौ १२ गते अनुमोदन गरेको थियो। यस वर्षको बाल दिवसको नारा "सामान्य अवस्थामा वा कोभिड माहामारीः बालअधिकारको संरक्षण हामी सबैको जिम्मेवारी" भन्ने रहेको छ।

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकमा राखेको छ। मौलिक हकको धारा ३९ मा बालबालिकासम्बन्धी हकको व्यवस्था गरेको छ। उक्त हकअन्तर्गत प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ भनी व्यवस्था गरेको छ।

त्यस्तै, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने भनी व्यवस्था गरेको छ। प्रत्येक बालबालिकालाई बाल अनुकूलन न्यायको हक हुने र कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी संविधानले व्यवस्था गरेको छ।

बालबालिकाको संरक्षण र समग्र विकासका लागि कानूनी व्यवस्था राम्रो भए पनि प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्दा अहिले पनि बालबालिका आफूले पाउने हकबाट वञ्चित भएका छन्।

# पर्यटकको बसाइ बढ्यो

काठमाडौं, २९ भदौ/रासस

कोभिड–१९ महामारीले नेपाल आउने विदेशी पर्यटकको सङ्ख्या घटे पनि उनीहरूको औसत बसाइ भने बढेको पाइएको छ।




संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले हालै सार्वजनिक गरेको 'नेपाल पर्यटन तथ्याङ्क २०२०' अनुसार पर्यटकको औसत बसाइ विगत वर्षभन्दा केही बढेर १५ दिन नाघेको छ। अघिल्ला तीन वर्षमा पर्यटकको औसत बसाइ सरदर १२ दिन थियो। सन् २०१९ मा १२ दशमलव ७, सन् २०१८ मा १२ दशमलव ४ र सन् २०१७ मा १२ दशमलव ६ दिन थियो। त्यसअघि सन् २०११ र सन् २०१६ मा क्रमशः १३ दशमलव १२ र १३ दशमलव १६ दिन पर्यटकको औसत बसाइ थियो।

पर्यटकको बसाइ लम्बिएसँगै उनीहरूले गर्ने खर्च पनि बढेको छ। प्रतिपर्यटक खर्च विगत वर्षको तुलनामा वृद्धि भई ६५ अमेरिकी डलर पुगेको छ। अघिल्ला वर्षमा सरदर प्रतिपर्यटक ४५ डलरसम्म खर्च हुने गरेको थियो। कोभिड महामारीका कारण सन् २०२० मा अघिल्लो वर्षको तुलनामा करीब ८० प्रतिशतले पर्यटक आगमनमा कमी आएको छ। सन् २०२० को पर्यटक आगमन सङ्ख्या दुई लाख ३० हजार ८५ मात्र रहेको छ। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल आएका थिए भने सन् २०१८ मा ११ लाख ७३ हजार ७२ पर्यटकले नेपाल भ्रमण गरेको तथ्याङ्क छ।

महामारीले नराम्ररी असर पुगेको पर्यटन क्षेत्रबाट आर्जन हुने विदेशी मुद्रामा करीब ७१ प्रतिशतले कमी आई करीब रु २५ अर्ब आर्जन भएको छ। सन् २०२० मा १५३ टीमका ४४७ जनाले पर्वतारोहणका लागि अनुमति लिएका थिए, जुन गत सालको तुलनामा ९२ प्रतिशतले कम हो।

नेपालमा सन् २०२० सम्ममा द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको सङ्ख्या ४० पुगेको छ। अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवा कम्पनीको सङ्ख्या तीन रहेको छ भने नेपाल उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीको सङ्ख्या २७ पुगेको छ। मुलुकमा हाल एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छ।

सन् २०२० सम्ममा आन्तरिक उडानतर्फ कुल ५४ वटा विमानस्थल छन्। तीमध्ये ३७ वटा विमानस्थल कालोपत्रे गरिएको छ भने सबै मौसममा नियमित उडान हुन सक्ने विमानस्थलको सङ्ख्या ३५ रहेको छ। आन्तरिकतर्फ १० वटा हेलिकोप्टरसहित २० वटा वायुसेवा कम्पनीले आन्तरिक उडान भर्दै आएका छन्। साहसिक र मनोरञ्जनात्मक उडान गर्ने कम्पनीहरूको सङ्ख्या ८० रहेको छ।

# भन्सार छलिका सामान भन्सार चलान

प्रस, वीरगंज, २९ भदौ/

जिल्ला प्रहरी कार्यालय पर्साले विभिन्न स्थानबाट बरामद गरेको भन्सार छलिका समान वीरगंज भन्सार कार्यालय चलान गरेको छ।



जिप्रका पर्साका प्रवक्ता ओमप्रकाश खनालले इनर्वागाउँ, छपकैया र नगवा सिमाबाट भन्सार छलि गरी नेपाल भित्रियाउने क्रममा सामानहरू बरामद गरेको बताए। उनले बरामद लत्ताकपडा, प्लाष्टिक र भाडावर्तन गरी रु १ लाख ४८ हजारको सामान वीरगंज भन्सार कार्यालय चलान गरेको बताए।

# स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न प्रतिस्थापन विधेयक –अर्थमन्त्री

काठमाडौं, २९ भदौ/रासस

अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत स्वदेशी उद्योगलाई प्रोत्साहन हुनेगरी गरिएका नीतिगत व्यवस्था परिवर्तन नहुने अडान व्यक्त गरेका छन्।

आन्तरिक राजस्व विभागको दुई दिने व्यवस्थापन गोष्ठीको उद्घाटन गर्दै मन्त्री शर्माले दीर्घकालीनरूपले देशलाई फाइदा पुग्ने गरी गरिएको व्यवस्था परिवर्तन नहुने बताएका हुन्। "मलाई कतिपयले प्रलोभन दिएर फकाउने दुस्साहस गरिरहेका छन्। म व्यक्तिगत स्वार्थका लागि देशलाई घाटा पार्ने व्यक्ति होइन। त्यस्तो दुस्साहस नगर्न आग्रह गर्छु। स्वदेशी उत्पादनमा आधारित र रोजगार सिर्जना गर्ने उद्योगलाई प्रोत्साहन दिने गरी भएको




निर्णय फिर्ता हुँदैन," उनले भने।

आयातमा आधारित राजस्वभन्दा आन्तरिक उत्पादन र निर्यातमा आधारित राजस्व बढाउनुपर्नेमा जोड दिंदै उनले यसतर्फ थप सक्रियताका साथ काम गर्न निर्देशन दिए। उनले करका दरसम्बन्धी थप सुधारका काम कर पुनरावलोकन आयोग गठन गरेर सम्पन्न गरिने जानकारी दिए।

यसअघि आफूले आन्तरिक राजस्व दोब्बर बनाउने गरी योजना माग गरेका विषयलाई कतिपयले खिसिटचुरी गरेकामा चित्त दुखाउँदै मन्त्री शर्माले भने, "यो मैले जानीजानी भनेको हो, भाषण गर्नलाई भनेको हैन। मैले योजना माग गरेको हुँ, त्यो योजना अहिलेसम्म पनि आएन।" मुलुकको आन्तरिक राजस्व दोब्बर गर्न सकिने सम्भावना रहेको भन्दै मन्त्री शर्माले त्यसको योजना पेश गर्न पुनः ताकेता गरे।

मन्त्री शर्माले अबदेखि नागरिकता सँगसँगै स्थायी लेखा नम्बर (प्यान नम्बर) उपलब्ध गराउने गरी आवश्यक नीतिगत तयारी गर्नसमेत निर्देशन दिए।

कार्यक्रममा अर्थसचिव मधुकुमार मरासिनीले करदाताले भ्याट बिल जारी गर्नासाथ सीधैं आन्तरिक राजस्व विभागको प्रणालीमा विवरण दाखिला हुनेगरी प्रविधिमा सुधार गर्न निर्देशन दिए।

करको दायरा विस्तारमा स्थायी लेखा नम्बर वितरणले महत्त्वपूर्ण भूमिका खेल्ने भएपनि तिनको ट्रेसिङ र ट्र्याकिङ हुन सकेन भने 'नन फाइलर'को सङ्ख्या बढ्ने र अनावश्यक प्रशासनिक दायित्व मात्र थपिने उल्लेख गर्दै सचिव मरासिनीले 'प्यान होल्डर'हरूको ट्र्याकिङ सिस्टम चुस्त बनाउनुपर्ने बताए।

राजस्व सचिव कृष्णहरि पुस्करले परम्परागत कर प्रशासनलाई सुधार गरी 'ट्याक्सोलोजिस्ट'को आधुनिक

(बाँकी चौथो पातामा)



**इन्द्रेणी** : बागलुङ नगरपालिका–१ रामरेखाबाट देखिएको इन्द्रेणीको आकृती। तस्वीरः रासस

## सरकारको खर्च केही दिन रोकिन सक्छ -अर्थमन्त्री

विनियोजन विधेयक, २०७८ पारित नभएपछि सरकारले राज्यकोषबाट बुधवारदेखि खर्च गर्न नपाउने भएको छ।

प्रतिनिधिसभाको मङ्गलवारको बैठकपछि सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुराकानी गर्दै अर्थमन्त्री शर्माले केही दिन सरकारको खर्च रोकिन सक्ने जानकारी दिए।

नेपालमा सरकारको खर्च नै रोकिन लागेको सम्भवतः यो पहिलोपटक हो। अर्थशास्त्रीय भाषामा यसलाई 'बजेट होलिडे'का रूपमा लिइन्छ। अघिल्लो सरकारले अध्यादेशबाट गत जेठ १५ गते चालू आर्थिक वर्षको बजेट ल्याएको थियो। अध्यादेशबाट ल्याइएको बजेट गत साउन ४ गते सङ्घीय संसद्मा पेश भएको थियो।

अध्यादेश ६० दिनभित्र पारित गर्नुपर्ने प्रावधान छ। त्यस आधारमा बुधवारसम्म विनियोजन विधेयक पारित गरिसक्नुपर्ने थियो। प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलले निरन्तर अवरोध गरिरहेको छ। आज विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव मात्रै स्वीकृत भएको छ। अर्थमन्त्री शर्माले केही दिन सरकारको खर्च रोकिन सक्ने जानकारी दिंदै नियमित प्रक्रियाबाटै बजेट पारित गरिने बताए।

अर्थमन्त्रीले राजस्व उठाउने विषयमा कुनै अवरोध नहुने र नियमित नै हुने बताए। "पाँच/सात दिन खर्च गर्न नहुन सक्छ। राजस्व सङ्कलनमा भने कुनै अवरोध हुँदैन," अर्थमन्त्री शर्माले भने।

# औषधिमा आत्मनिर्भर हुन ऐन नै बाधक

काठमाडौं, २९ भदौ/रासस

औषधि उत्पादनसम्बन्धी विद्यमान नीति तथा कानूनमा परिमार्जन गरी



औषधी उत्पादन गर्ने कम्पनीमा काम गर्दै कामदार। तस्वीरः फाइल

अनुकूल वातावरण बन्न सकेमा देशलाई औषधिमा आत्मनिर्भर बनाउन सकिन्छ।

नेपालमैं औषधि उत्पादन गर्न सकिन्छ भन्ने सोचसम्म नभएको अवस्थामा आयातमुखी अवधारणा अनुसार ल्याइएको औषधि ऐन–२०३५ ले अहिले झन्डै ५० प्रतिशत हिस्सा स्वदेशी उद्योगका उत्पादनले ओगटको र कतिपय औषधि विदेशमा समेत निर्यात हुने गरेको अवस्था सम्बोधन गर्न नसक्ने भन्दै ऐनलाई उत्पादन र निर्यातमुखी बनाउनुपर्ने नेपाल औषधि उत्पादक सङ्घ (एपोन) ले माग गर्दै आएको छ।

केही वर्ष अघिसम्म करीब १० प्रतिशत मात्र स्वदेशी उत्पादन रहेकोमा अहिले बढेर झन्डै ५१ प्रतिशत पुगेको र स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने सरकारी नीति र उपयुक्त वातावरण बन्न सक्यो भने छिट्टै औषधिमा ८० देखि ९० प्रतिशत आत्मनिर्भर बन्न सकिने एपोनका अध्यक्ष प्रज्वलजङ्ग पाण्डेले राससलाई बताए। उनले भने–"हामी मुलुकलाई आत्मनिर्भर बनाउने अभियानमा छौं, यसमा राज्यले पनि सहजीकरण गरिदिनुपर्छ। यसका लागि अनुकूल नीति र त्यसको प्रभावकारी कार्यान्वयन अहिलेको प्रमुख आवश्यकता हो। त्यसो हुन सक्यो भने यस क्षेत्रमा बाह्य लगानी र प्रविधिसमेत आकर्षित गर्न सकिन्छ।" मानिसको स्वास्थ्यजस्तो अत्यन्त महत्त्वपूर्ण क्षेत्रसँग जोडिएको उद्योगलाई प्रवर्द्धन गर्ने कार्यमा सरकार उदासीन हुन नहुने अध्यक्ष पाण्डेको भनाइ छ।

एक तथ्याङ्क अनुसार नेपालको औषधि बजार करीब रु ४५ देखि ५० अर्बको छ। औषधिको बजार प्रत्येक वर्ष १८ देखि २० प्रतिशतले बढ्दै गएको उनको भनाइ छ। करीब रु ३० अर्ब बराबरको औषधि विदेशबाट आयात हुन्छ।

औषधि उत्पादनका लागि आवश्यक जनशक्ति र आधुनिक प्रविधि भित्र्याएर आयातलाई प्रतिस्थापन गर्न सकिने र यसबाट रोजगार सिर्जना तथा विदेशी मुद्रा सञ्चितिमा सहयोग पुग्ने उनको तर्क छ। कम्तीमा आधारभूत औषधि मात्र पनि स्वदेशमैं उत्पादन गर्न सकियो भने औषधिमा ८० प्रतिशत आत्मनिर्भर बन्न सकिन्छ।

बङ्गलादेशले १७० देशमा औषधि निर्यात गर्ने गर्दछ। औषधि यसको राजस्वको चौथो महत्त्वपूर्ण स्रोत हो। भारतमा पनि राज्यले विभिन्न ३५ शीर्षकमा विभिन्न सहुलियत दिएको छ। नेपालमा भने भारत, चीन, बङ्गलादेश, अमेरिका, युरोपेली मुलुकबाट औषधि आयात हुन्छ। अहिले नेपालमा आयात हुने औषधिको झन्डै ८० प्रतिशत भारतबाट हुने गर्दछ। राष्ट्रिय औषधि नीति–२०५१ ले १० वर्षमा ८० प्रतिशत अत्यावश्यक औषधि स्वदेशमैं उत्पादन गर्ने लक्ष्य लिए पनि अहिलेसम्म कार्यान्वयनमा आउन नसकेको उनको गुनासो छ। उनले भने–"राष्ट्रिय स्वास्थ्य नीति–२०७१ ले गुणस्तरीय औषधि र आपूर्ति सुनिश्चित गरी आन्तरिक उत्पादन वृद्धि गर्ने र १५ प्रतिशतसम्म महँगो भए पनि नेपाली उत्पादन नै खरीद गर्न सकिने व्यवस्था गरेको थियो। तर, त्यो पनि कार्यान्वयनमा आएन।"

औषधि परीक्षणका लागि यहाँका अधिकांश उद्योगका आफ्नै प्रयोगशाला छन्। अधिकांश उद्योग अहिले पनि पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेका छैनन्। औषधिको गुणस्तर विश्वभर नै एउटै खालको हुनुपर्दछ।

अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नै हरेक औषधिको उत्पादन हुने गर्दछ। मानवीय उपचारमा प्रयोग हुने वस्तुलाई सरकारले अत्यावश्यक सेवा अन्तर्गत राखेर उत्पादनमा सहुलियत दिनुपर्ने उनको भनाइ छ।

नेपालमैं अन्तर्राष्ट्रिय गुणस्तरका औषधि उत्पादन हुने गरेको दाबी गर्दै उनले खुला सिमानाका कारण पनि नेपालमा उत्पादित औषधि छिमेकी मुलुकमा अवैधरूपमा निर्यात हुन सक्ने



औषधि उत्पादन सङ्घका अध्यक्ष प्रज्वल जङ्ग पाण्डे। तस्वीरः रासस

सम्भावना रहेकोले नेपालमैं खपत हुने व्यवस्था मिलाउन सुझाव दिए। स्वदेशी औषधि उद्योगको सङ्ख्या र उत्पादन दुवै बढेको छ।

विसं २०४६ मा स्थापना भएको यस सङ्घमा हाल ६६ उद्योग आबद्ध छन् भने १०–१२ आबद्ध हुने प्रक्रियामा छन्। नेपाल जडीबुटीबाट उत्पादन गर्न सकिने थुप्रै आयुर्वेद तथा अन्य वैकल्पिक उपचार पद्धतिमा प्रयोग गरिने औषधिमा पनि विश्वमैं अग्रस्थानमा रहेकोले त्यस्ता औषधिको उत्पादन र बजारीकरणमा पनि ध्यान दिनुपर्ने उनको सुझाव छ। "भारतमा पतञ्जलिले ठूलो आम्दानी गर्न सकेजस्तै नेपालले पनि हर्बल मेडिसिनबाट राम्रो लाभ लिन सक्दछ"–उनले भने।

लोमोस ग्रुपका कार्यकारी निर्देशक समेत रहेका अध्यक्ष पाण्डेले कोही पनि नेपाली औषधिको अभावमा मर्न नपरोस् भन्ने उद्देश्यले गाउँगाउँसम्म औषधि उपलब्ध गराउन जोड दिइएको बताए। उनका अनुसार सो कम्पनीले हाल हर्मोन, सुईजन्यलगायत विभिन्न ४०० किसिमका सामान्यदेखि अत्याधुनिक खालका औषधि उत्पादन गर्ने गरेको छ। कतिपय औषधि अफ्रिका, एशियालगायत १२–१३ देशमा निर्यातसमेत हुने गरेको उनको भनाइ छ।

## सभामुख निष्पक्ष नबन्दा संसद् अवरुद्ध गर्नुपर्‍यो -अध्यक्ष ओली

झापा, २९ भदौ/रासस

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सभामुख अग्निप्रसाद सापकोटाले निष्पक्ष भएर काम गर्न नसकेका कारण संसद् अवरुद्ध गरिएको बताएका छन्।

नेकपा एमाले झापाले मङ्गलवार बिर्तामोडमा आयोजना गरेको अगुवा कार्यकर्ता भेलामा उनले एमालेविरुद्ध षड्यन्त्र गरिएकाले प्रतिनिधिसभा अवरुद्ध गर्नु आफूहरूको बाध्यता भएको बताए।




आफ्नो नेतृत्वमा गठन भएको सरकारका पालामा मुलुकले प्रगति गरेको, व्यापार घाटा घटाएको र निर्यात बढाएको उनको भनाइ थियो।

आगामी निर्वाचनबाट एमाले पुनः सत्तामा फर्किने अध्यक्ष ओलीले बताए। "हाम्रो विजय यात्रालाई कसैले रोक्न सक्दैन," उनले भने। एमालेलाई विभाजनको खासै असर नपरेको स्पष्ट पार्दै उनले भने, "पिलो निचोरेर एमालेको वजन घट्दैन, पतकरले कोशीको भेल थुनिंदैन।"



बाराको ग्रामीण भेगको बजारमा बिक्री गर्नका लागि छैटी (डेली) लदैं व्यापारी। तस्वीरः तिवारी यादव

## गाँजासहित युवक पक्राउ

प्रस, वीरगंज, २९ भदौ/

सशस्त्र प्रहरीले गाँजासहित एकजना युवकलाई पक्राउ गरेको छ। शङ्कराचार्यद्वारनिर मङ्गलवार दिउँसो २ बजे रक्सौलतर्फ गइरहेको जीतपुरसिमरा उपमहानगरपालिका–७ बस्ने १८ वर्षीय पवनकुमार श्रीवास्तवलाई शङ्का लागि चेकजाँच गर्दा निजबाट ६ किलो गाँजा बरामद भएको सशस्त्र प्रहरी निरीक्षक सुवर्णबहादुर बमले बताए।

पक्राउ परेका युवकलाई आवश्यक कारबाईका लागि जिल्ला प्रहरी कार्यालय पर्साको जिम्मा लगाइएको छ।

## फरक समाचार

### डेंगु भएकालाई जिका भाइरसले असर गर्दैन

जिका भाइरसजस्तो खतरनाक रोगका कारण धेरैजना त्रसित छन्। ताजा समाचार अनुसार जुन व्यक्तिलाई डेंगु लागेको थियो उनीहरूमा जिकाको खतरा निकै कम हुन्छ।




ब्रजीलमा गरिएको शोधबाट यो तथ्य प्रकाशमा आएको छ। इमर्जिंग इन्फेक्शन डिजिज नामक जर्नल अनुसार वैज्ञानिकले भनेका छन्– अध्ययनको क्रममा डेंगु रोगीलाई जिकाका रोगीसँग साथै राखिएको थियो, जसमा डेंगुका रोगीलाई कुनै असर भएन।

यसविपरीत वैज्ञानिक भन्छन्– गर्भवती महिलामा जिका भाइरस फैलिने खतरा बढी हुन्छ। जिका भाइरस एउटा खतरनाक रोग हो। यदि कुनै गर्भवती महिलालाई जिका भयो भने उसको बच्चाको लागि निकै खतरनाक साबित हुन सक्छ।

यसको असर बच्चाको मस्तिष्कमाथि पर्छ। साथै टाउकोको संरचना पनि प्रभावित हुन्छ। जिका भाइरसबारे चिकित्सक भन्छन्– यो एडिज प्रजातिको लामखुट्टेको टोकाइबाट मनुष्यको शरीरमा पुग्छ। यदि जिका भाइरस व्यक्तिसँग कसैले सम्बन्ध बनाउँछ भने यसको माध्यमबाट अन्य व्यक्तिमा पनि प्रवेश गर्छ। जिकाको लक्षण भनेको शरीरमा दाना आउने, टाउको जोडले दुख्ने, जोर्नी दुख्ने र तीव्र रुघा, ज्वरो आउँछ।

डेंगु रोगीलाई जिका भाइरसको असर नहुने कारण बताउँदै चिकित्सकले भने– डेंगुका रोगीलाई जुन एन्टिबडिज दिइन्छ, त्यो पछि जिका भाइरसमाथि असरदार हुन्छ।

### हामी कहिले खान्छौं ?

सूर्यास्तपूर्व भोजनको मान्यतामाथि अमेरिकी शोधकर्ताले मोहर लगाएका छन्। यदि तपाईं ६ बजेपछि भोजन गर्नुहुन्छ भने यसबाट मोटोपन र टाइप २ मधुमेहको खतरा हुन सक्छ। स्वस्थ रहन 'हामी के खान्छौं'को साथै यो पनि मुख्य छ– 'हामी कहिले खान्छौं।'



शोधकर्ताको भनाइ छ, शरीरले आफ्नो आन्तरिक घडी अनुसार प्रतिक्रिया दिन्छ। राति पाचनतन्त्रले कम र्‍याल बनाउँछ, पेटले पाचक रसको उत्पादन कम गर्छ, भोजनलाई अगाडि बढाउने आन्द्रा खुम्चिन्छ र हामी हार्मोन इन्सुलिनप्रति कम संवेदनशील हुन्छौं। शरीरको आन्तरिक घडीमाथि शोध गर्ने क्यालिफोर्नियाको साक इन्स्टिट्च्युटका प्रा. सैचिन पाण्डाका अनुसार शरीरले आन्तरिक घडीको पालन गर्छ।

यो कुरा पुष्टि गर्न मुसाको दुई समूहलाई समान क्यालोरी भएको भोजन दिइयो। पहिलो समूहको भोजनसम्म पहुँच २४ घण्टाको थियो, अर्को समूहलाई दिनको ८ घण्टा पहिले नै भोजन दिइन्थ्यो। केही समयपछि पहिलो समूहको वजन बढ्यो र उच्च कोलेस्ट्रोल र टाइप २ मधुमेहजस्ता लक्षण देखियो। जुन समूहलाई तय समयमा भोजन दिइएको थियो, त्यो स्वस्थ थियो। महत्त्वपूर्ण कुरा के पनि देखियो भने अर्को समूहमा टाइप २ मधुमेहसँग लड्ने क्षमता विकसित भएको थियो।

अमेरिकन हार्ट एसोसिएशनको शोधमा बताइएको छ, जो व्यक्ति सुत्नुभन्दा एक घण्टा पहिले भोजन गर्दथे, उनीहरूको रगतमा चिनीको शर्करा सही ढङ्गले नियन्त्रित थिएन। जबकि सही समयमा भोजन गर्नेहरूले सही ढङ्गले नियन्त्रित गरेका थिए। प्रा पाण्डा भन्छन्–"समयबद्ध भोजन स्वास्थ्यको लागि राम्रो हो किनभने यसबाट आन्द्राले आफ्नो मरम्मत गर्ने मौका पाउँछ।"

पाचन प्रक्रियाको क्रममा आन्द्राको १० मध्ये एउटा कोशिका क्षतिग्रस्त हुन्छ। अबेर रात भोजन र बिहान चाँडै खाजा खानाले आन्द्राले मरम्मत र सुधार गर्ने समय कम पाउँछ। यसैले भोजनको समय तय गर्नुपर्छ र त्यसको पालना गर्नुपर्छ किनकि कुबेलामा भोजन गर्नाले पाचक ऊतकमा गडबडी हुन्छ।

**–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)**

### स्वदेशी उद्योगलाई प्रोत्साहन....

सिद्धान्तमा आधारित कर प्रशासन बनाउनुपर्ने धारणा राखे। कर तिर्न दोस्रो व्यक्तिको सहायता लिनुपर्ने, बिचौलियाको सहारा लिनुपर्ने झन्झटिलो अवस्था रहेको स्वीकार गर्दै सचिव पुष्करले यसमा सुधार ल्याइ करदातामैत्री प्रशासन सञ्चालनमा जोड दिए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष रामचन्द्र सङ्घाई, चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल र नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णु अग्रवालले झन्झटयुक्त कर प्रशासनलाई सरलीकृत गर्न, करदाताको सामाजिक सुरक्षाको व्यवस्था मिलाउन, करदातालाई सम्मानजनक व्यवहार गर्न, प्रविधिको प्रयोगलाई विस्तार गरी सजिलैसँग घरघरबाटै कर तिर्ने व्यवस्था मिलाउनलगायतका सुझाव दिए।

आन्तरिक राजस्व विभागका महानिर्देशक शोभाकान्त पौडेलले आव २०७७/७८ को समग्र अवस्थाबारे प्रस्तुति गरे।

उनले राजस्व सङ्कलन लक्ष्यको ९५.३५ प्रतिशत अर्थात् रु चार खर्ब २९ अर्ब भएको, सात लाख ६९ हजार नयाँ प्यान जारी भई करको दायरा विस्तार गरिएको, कर विवरण बुझाउनेको सङ्ख्या आयकरतर्फ ५७.८ प्रतिशत र मूल्य अभिवृद्धि करतर्फ ७७.१८ प्रतिशत रहेको जानकारी दिए। यस्तै, देशको आन्तरिक राजस्वमा १०० जना करदाताको ५० प्रतिशत योगदान रहेको र अघिल्लो आवको तुलनामा राजस्व सङ्कलन १२ प्रतिशतले बढेको तथ्याङ्क प्रस्तुत गरियो।

## अन्तर्राष्ट्रिय समाचार

# अफगानिस्तानमा मानवीय सङ्कट आउँदै संयुक्त राष्ट्रसङ्घद्वारा सहयोग आह्वान

जेनेभा, २९ भदौ/सिन्ह्वा

अफगानिस्तानमा ठूलो मानवीय सङ्कट आउन लागेको संयुक्त राष्ट्रसङ्घले सहयोग आह्वान गरेका हुन्।

गत महीना सशस्त्र विद्रोहमार्फत अफगानिस्तानको सत्ता तालिबानीहरूले जोखिममा परेको भन्दै उनले भने– हामीले यो कुरा त्यसै भनेका होइनौं अफगानिस्तानको अवस्था साँच्चीकै नराम्रो छ।



तस्वीर सौजन्यः कनिका गुप्ता

जनाएको छ। संयुक्त राष्ट्रसङ्घले यसका लागि विश्व समुदाय गम्भीर हुनुपर्ने पनि बताएको छ।

यहाँको आर्थिक अवस्था ध्वस्त भएको र ठूलो मानवीय सङ्कट आउन लागेको भन्दै त्यहाँ आवश्यक सहयोग उपलब्ध गराउन भनिएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले सो विषयमा विश्वको ध्यानाकर्षण गराएको बताइएको छ। सोमवार जेनेभामा आयोजित एउटा सम्मेलनमा अन्तर्राष्ट्रिय दाताहरूसँग संयुक्त राष्ट्रसङ्घका महासचिव गुटर्रेसले हातमा लिएका थिए। त्यस यता वैदेशिक सहायता ठप्प भएको छ। अफगानी नागरिकलाई तत्कालै खाना, औषधि, स्वास्थ्य सेवा तथा पछिल्लो समयमा सुरक्षित पिउने पानीको पनि समस्या रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

महासचिव गुटर्रेसले सो सम्मेलनमा करीब ६० करोड अमेरिकी डलर तत्काल आवश्यक रहेको बताए। उनले यो सहयोग तत्काल उपलब्ध भए अफगानिस्तानका दशौं लाख मानिसलाई राहत पुग्ने बताएका थिए। यहाँको पछिल्लो राजनीतिक परिवर्तनपछि नागरिकहरू निकै ठूलो

अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्दै संयुक्त राष्ट्रसङ्घले विभिन्न स्थानमा सहयोग गर्न सहायताकर्मी पुग्दा तालिबानले नरोक्न पनि आह्वान गरेको छ।

तालिबानले अफगानिस्तानमा नियन्त्रण कायम गर्नुअघि नै द्वन्द्वका कारण साढे पाँच लाख मानिस आफ्नो वासस्थानबाट विस्थापित भएका थिए।

हाल पनि अफगानिस्तानका लाखौं नागरिक आन्तरिकरूपमा विस्थापित भएर देशभित्रै शरणार्थी अवस्थामा बाँच्न बाध्य भएको बताइएको छ। रासस

# भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या २५ हजारमा झऱ्यो

नयाँ दिल्ली, २९ भदौ/एएनआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या घटेर झन्डै २५



तस्वीरः रायटर्स

हजारमा पुगेको छ। सरकारी अधिकारीहरूले मङ्गलवार बिहान दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा २५ हजार ४०४ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

भारतमा पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमितहरूको सङ्ख्या लगातार कम हुँदै आएको छ। केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमवार बिहान सार्वजनिक गरेको विवरण अनुसार भारतमा पछिल्लो २४ घण्टामा २७ हजार २५४ जना नयाँ सङ्क्रमित थपिएका थिए।

त्यसैगरी आइतवार सार्वजनिक गरिएको विवरणमा २८ हजार ५९१ जना र शनिवार ३३ हजार ३७६ जना सङ्क्रमित थपिएको तथ्याङ्क सार्वजनिक गरिएको थियो। पछिल्लो २४ घण्टामा भारतमा कोरोना भाइरसका कारण ३३९ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

तीमध्ये केरला राज्यमा मात्रै ९९ जनाको मृत्यु भएको तथ्याङ्क छ। केरलामा थप १५ हजार ५८ जना नयाँ सङ्क्रमित थपिएका छन्। भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या ३ करोड ३२ लाख ८७ हजार ५७९ पुगेको छ भने कुल मृतक सङ्ख्या ४ लाख ४३ हजार २१३ पुगेको छ।

पछिल्लो २४ घण्टामा झन्डै २५ हजार नयाँ सङ्क्रमित थपिंदा ३७ हजारभन्दा बढी सङ्क्रमणमुक्त भएका छन्। नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त हुनेको सङ्ख्या झन्डै १२ हजार बढी देखिएको छ।

पछिल्लो विवरण अनुसार भारतमा अहिले ३ लाख ६२ हजार २०७ जना सङ्क्रमित अवस्थामैं छन्।

यो सङ्ख्या दैनिक घट्दै छ। भारतमा अघिल्लो दिन ३ लाख ७४ हजार २६९ जना सङ्क्रमित अवस्थामैं रहेको तथ्याङ्क सार्वजनिक गरिएको थियो।

यो सङ्ख्या ८१ दिन पछिकै सबैभन्दा कम भएको पनि अधिकारीहरूले बताएका छन्। रासस

# इजिप्टका राष्ट्रपतिसँग फलदायी भेट : इजरायली प्रधानमन्त्री

जेरुसेलम, २९ भदौ/सिन्ह्वा

इजरायलका प्रधानमन्त्री नाफ्तालिया बेनेटले इजिप्टका राष्ट्रपति अब्देल फताह अल सिसीसँग भएको भेटवार्ता फलदायी भएको बताएका छन्। प्रधानमन्त्री बेनेटले सोमवार इजिप्टका राष्ट्रपति अब्देल फताह अल सिसीसँग भेटवार्ता गरेका थिए।

उनीहरूबीच इजिप्टको सिनाइमा सो भेटवार्ता भएको थियो। उक्त वार्ता निकै उपलब्धिमूलक रहेको र यसबाट दुवै देशबीच असल सम्बन्ध स्थापनाका लागि काम भएको प्रधानमन्त्री बेनेटले जानकारी दिए। प्रधानमन्त्री बेनेटले इजरायलको प्रधानमन्त्रीका रूपमा इजिप्टका राष्ट्रपति




अब्देल फताह अल सिसीसँग भेटवार्ता गरेर इजरायल–इजिप्ट सम्बन्धलाई थप उचाइमा पुऱ्याउने काम गरेको बताएको इजरायली सञ्चारमाध्यमहरूले जानकारी दिएका छन्।

इजिप्टको भ्रमण सकेर इजरायल फर्केका प्रधानमन्त्री बेनेटको कार्यालयद्वारा सोमवार जारी विज्ञप्तिमा सो कुरा जनाइएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# शहीद चन्दन पटेलको सालिकमा माल्यार्पण

प्रस, वीरगंज, २९ भदौ/

मधेस आन्दोलनका शहीद चन्दन



तस्वीरः प्रतीक

पटेलको छैटौं पुण्यतिथिमा लोकतान्त्रिक समाजवादी पार्टी पर्साले मङ्गलवार पोखरियामा शहीद पटेलको सालिकमा माल्यार्पण गरेको छ।

सो कार्यक्रममा नेताहरूले शहीदको सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा लोसपाका नेता निजामुद्दीन समानी, शिव पटेल, राजनारायण कुर्मी, जयनारायण कुर्मी, शहीद पिता अवधेश कुर्मीलगायतको सहभागिता थियो। २०७२ भदौ २९ गते कपिलवस्तुमा प्रहरीको गोली लागेर पटेलको मृत्यु भएको थियो।

# भाउजूको हत्यारा देवर र देउरानीलाई जन्मकैद

प्रस, सप्तरी, २९ भदौ/

सप्तरी जिल्लाको राजविराज नगरपालिकामा एकजना महिलाको हत्यामा संलग्न उनका सहयोदर देवर र देउरानीलाई जन्मकैदको सजाय भएको छ। राजविराज–१५ मुसहर्नियाकी २४ वर्षीया बेचनीदेवी साहको हत्यामा संलग्न ३५ वर्षीय पञ्चदेव र उनकी पत्नी ३१ वर्षीया प्रमिलादेवीलाई जिल्ला अदालतले जन्मकैदको सजाय सुनाएको हो।

न्यायाधीश ऋषिराम आचार्यको एकल इजलासले सो फैसला गरेको अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले जानकारी दिएका छन्। हत्यामा संलग्न प्रमिलाका भाइ डाक्नेश्वरी नगरपालिका–७ ब्रह्मपुरका ३६ वर्षीय सत्यनारायण साहलाई अदालतले तीन वर्ष कैदको फैसला गरेको छ। सो घटनाका आरोपितमध्ये अदालतले राजविराज नगरपालिका–१५ मुसहर्नियाका २४ वर्षीय धर्मेन्द्र साह र ३५ वर्षीय जीवछनारायण साहलाई सफाइ दिएको छ।

अभियुक्त साह दम्पतीका छोरा १६ वर्षीय सन्तोष, हत्या गरिएकी बेचनीदेवीकी सासू ५५ वर्षीया शोमादेवी, सोही ठाउँका ५० वर्षीय ताराचन्द्र साह, ३५ वर्षीय जयनारायण साह, ६४ वर्षीय गोपी साह, ६४ वर्षकै नन्दी मण्डल र ६३ वर्षीय चलितर साहको हकमा मुद्दा मुल्तबीमा राखिएको अदालतका सूचना अधिकारी बुढाथोकीले जानकारी दिएका छन्।

हत्या गरिएकी बेचनीदेवीको शव २०७५ जेठ ३१ गते उनकै घरको शौचालयको सेफ्टी टङ्कीमा फेला परेको थियो। मृतक बेचनीदेवीका बुबा रामकुमारले २०७६ असार ६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी उजूरी दिएका थिए।

# राजमार्ग मर्मतको माग गर्दै मिर्चैयामा प्रदर्शन

प्रस, सिराहा, २९ भदौ/

पूर्व–पश्चिम राजमार्ग अन्तर्गत सिराहाको मिर्चैयास्थित मुख्य सडक मरम्मतको माग गर्दै स्थानीय मिर्चैयावासी आन्दोलनमा उत्रिएका छन्। सडक मरम्मत नहुँदा दुर्घटना बढ्दै गएको भन्दै उनीहरू आन्दोलित भएका हुन्।

चरणबद्ध आन्दोलन अन्तर्गत स्थानीयवासीले आइतवार र सोमवार केहीबेर पूर्व–पश्चिम राजमार्गको मिर्चैया खण्ड अवरुद्ध पारेका थिए।

मागप्रति सुनुवाइ नभए कडा आन्दोलनमा उत्रिने उनीहरूले चेतवानी दिएका छन्।

दैनिक हजारौं सवारीसाधन आवागमन गर्ने राजमार्ग नै भत्केर कुरूप बन्दा पनि सरोकारवाला निकायको ध्यान जान सकेको छैन।

राजमार्गका विभिन्न स्थानमा अघिल्लो वर्ष गरिएको कालोपत्र भत्किएको एक वर्ष बितिसक्दा पनि मरम्मत हुन सकेको छैन।

पूर्वमा कटारी चोकदेखि पश्चिमतर्फ मिर्चैया थाना चोकसम्म सवारी चलाउनै नसक्ने गरी सडक बिग्रिएको छ।

ठूल्ठूला खाल्डाखुल्डीले पैदल आवतजावत गर्नसमेत समस्या भइरहेको



तस्वीरः प्रतीक

स्थानीय व्यापारी अशोक साहले बताए। राजमार्गको समस्या समाधान गर्न सडक डिभिजन कार्यालय लहानलाई पटक–पटक जानकारी गराए पनि कुनै चासो नदिएको व्यापारी साहको कथन छ।

राजमार्गका विभिन्न स्थानमा सडक टुटफुट भएर खाल्डाखुल्डी हुँदासमेत सडक डिभिजन कार्यालय लहानले कालोपत्र गर्नेतर्फ चासो नदेखाएको भन्दै स्थानीय आक्रोशित भएका हुन्।

यस सम्बन्धमा मिर्चैया नगरपालिकाका प्रमुख श्रवणकुमार यादवले सडकको दुर्दशाप्रति आफूहरू पनि चिन्तित भन्दै समस्या समाधानका लागि पहल गरिरहेको बताए।

# विश्व हिन्दू परिषद्द्वारा महावीर मन्दिरमा हनुमान चालीसा वाचन

प्रस, वीरगंज, २९ भदौ/

विश्व हिन्दू परिषद् नेपालले



तस्वीरः प्रतीक

मङ्गलवार १२औं पटक वीरगंजको महावीर मन्दिरमा सामूहिक हनुमान चालीसा वाचन तथा भजनकीर्तन कार्यक्रम गरेको छ।

सनातन धर्मको रक्षा र हिन्दू संस्कृति तथा धार्मिक आस्थालाई थप मजबूत बनाउनका लागि सामूहिक हनुमान चालीसा वाचन गरिएको विश्व हिन्दू परिषद् नेपाल पर्साका उपाध्यक्ष शम्भु महतो थारूले बताए। उनले ११ सातादेखि साप्ताहिकरूपमा हनुमान चालीसा वाचन गर्दै आएको र पछिल्लो समयमा सामूहिक वाचनमा सहभागिता बढ्दै गएको बताए। उनले प्रत्येक मङ्गलवार बिहान ७:२० बजेदेखि हनुमान चालीसा वाचन हुँदै आएकोले सोमा सहभागिताका लागि पनि अपील गरे।

**प्रदेशसभाको बैठक अनिश्चित....**

बताएका छन्। प्रदेश सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले बैठक चाँडै बोलाउन छलफल अघि बढाइएको बताए। अहिले प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको सङ्ख्या सात पुगेको छ। यसअघि पाँच दल थिए। एमाले विभाजन भएर नेकपा (एकीकृत समाजवादी) र जसपा विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नयाँ दलका रूपमा अस्तित्वमा आएका छन्।

अब नेकपा एकीकृत समाजवादी पनि प्रदेश सरकारमा सहभागी हुने भएको छ। सङ्घीय सरकारमा बनेको समीकरणजस्तै प्रदेश २ मा पनि बनाइने दलहरूबीच सहमति भएको छ। सत्ताको भागबन्डामा व्यस्त प्रदेश २ का सत्तासीन दलहरूको कारण पनि बैठक बस्ने वातावरण नबनेको राजनीतिक विश्लेषकहरूको टिप्पणी छ।

# पर्साको स्थानीय सरकार बेरुजूको दलदलमा फस्दै

प्रस, वीरगंज, २१ भदौ/

पर्सामा रहेका १४ वटा स्थानीय पालिका अहिले बेरुजूको दलदलमा फस्दै गइरहेका छन्।



तस्वीरः फाइल

आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको महालेखा परीक्षकको कार्यालयको ७८औं प्रतिवेदनमा पर्साका १४ वटै पालिकामा एक आर्थिक वर्षमा २ अर्ब ५० करोड रुपैयाँ बेरुजू हुने गरेको उल्लेख छ।

स्थानीय सरकार गठन भएपछि सञ्चालन गरेका काम तथा खर्चको लेखापरीक्षण प्रत्येक वर्ष महालेखा परीक्षकले सार्वजनिक गर्दै आएकोमा अढाई अर्ब बेरुजू एक आर्थिक वर्षको मात्र हो। अन्य आवको बेरुजू रकम पनि सोही अनुसार रहेको तथ्याङ्कले देखाएको छ।

प्रतिवेदन अनुसार पर्सामा एक महानगर, तीन नगरपालिका तथा १० वटा गाउँपालिका छन्। वीरगंज महानगरमा आव २०७६/७७ मा मात्र ७५ करोड ६९ लाख, पोखरिया नगरपालिकामा ९ करोड ९० लाख, बहुदरमाई नपामा १४ करोड ७७ लाख र पर्सागढी नपामा ५ करोड १७ लाख रुपैयाँ बेरुजू देखिएको छ।

यसैगरी, जगरनाथपुर गापामा २० करोड ७३ लाख, ठोरी गापामा ११ करोड ५८ लाख, छिपहरमाई गापामा ९ करोड १५ लाख, धोबिनी गापामा १० करोड ३१ लाख, जीराभवानी गापामा ३ करोड १ लाख, कालिकामाई गापामा ५ करोड ४० लाख, पकहामैनपुर गापामा १ करोड १७ लाख, पटेर्वासुगौली गापामा ६ करोड ४८ लाख, विन्ध्यवासिनी गापामा ५ करोड ९५ लाख र सखुवाप्रसौनी गापामा १३ करोड ३१ लाख गरी २ अर्ब ५० करोड रुपैयाँ बेरुजू छ।

७८औं प्रतिवेदनमा नियमविपरीत भुक्तानी, अनावश्यक जिन्सी सामान खरीद, कर्मचारी तथा जनप्रतिनिधिहरूले लिएको पेश्की, कुनै सामान खरीद गर्ने बहानामा रकम लिई खरीद नगरेको, निर्माण कम्पनी वा सप्लायरहरूलाई सीधा भुक्तानी दिएको, नियमसङ्गतले नमिल्ने तर ठाडो आदेशमा सीधा भुक्तानी दिने जस्ता कार्यले बेरुजू रकम बर्सेनि बढ्दै गइरहेको छ।

जगरनाथपुर गापाको मात्र प्रतिवेदन अनुसार सातजना कर्मचारी तथा जनप्रतिनिधिले ९४ लाख रुपैयाँ भ्रमण भत्ता, २७ लाखको खाना-नास्ता, ३१ लाखको इन्धन, १ करोड ४५ लाखको कोभिड सामान खरीद, ५० हजारको मोबाइल, मोटरसाइकल, फर्निचर खरीद, नदी नियन्त्रणको नाममा करोडौं रकम हिनामिना भएको देखिएकोले सबै रकम असुल गर्न भनिएको छ। बेरुजू फछर्योट गर्न महालेखाले ताकेता गरे पनि कर्मचारीहरू मौन छन्। एक आव एक कार्यालय प्रमुख गापाको कार्यालयमा बस्ने र अर्को आव अन्यत्र सरुवा गराउने र सरुवा भई आउने प्रमुखले बेरुजू रकम उठाउन प्रयास नगरेका कारण प्रतिवर्ष बेरुजू रकम घट्नुको साटो बढ्दै गइरहेको कर्मचारीहरू स्वीकार्छन्। जनप्रतितिनिधिहरूको कार्यालय भएको हुनाले उनीहरूको आदेशमा पनि रकम दिने गरेको तर नियमसङ्गत नभएकाले सबै रकम बेरुजू हुने गरेको कर्मचारीहरूको भनाइ छ।

# सार्वजनिक यातायातको भाडादर कायम


तस्वीरः प्रतीक

प्रस, बिरुवागुठी, २९ भदौ/

पर्सागढी नगरपालिका अन्तर्गत पर्ने जनता सडकमा सञ्चालित सार्वजनिक सवारीसाधनहरूको भाडादर मङ्गलवार कायम भएको छ।

पर्सागढी नगरपालिकाको सिमाना मनवा गाउँदेखि जीतपुर बजारसम्मको भाडादर कायम गरिएको हो।

यातायात व्यवस्थापन तदर्थ समिति पर्सागढी नगरपालिका, जनप्रतिनिधि र नारायणी यातायात अटो सङ्घ, गुप्ता अटो सङ्घका प्रतिनिधिहरूबीच सहमतिमा भाडादर कायम गरिएको हो।

सार्वजनिक सवारीसाधनहरूमा मनवादेखि जीतपुरको भाडा रु ७५, पिपरोडदेखि जीतपुरसम्म रु ६०, बडनिहारदेखि जीतपुरसम्म रु ५०, पारसचोकदेखि जीतपुरसम्म रु ४०, मिलनचोकदेखि जीतपुरसम्म रु ३० र स्थानीय भाडा रु २० कायम गरिएको यातायात व्यवस्थापन तदर्थ समितिका सदस्य अरुणप्रकाश रेग्मीले बताए।

बैठकमा पर्सागढी नगरपालिकाका वडाध्यक्षहरू तुलाराम महतो, वेदमनदास थारू, उद्धवबहादुर उप्रेती, रामनारायण गौरो, नारायणी यातायात अटो सङ्घका प्रतिनिधि फिरोज मियाँ, गुप्ता अटो सङ्घका प्रतिनिधि अमित वर्मालगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## एकदिवसीय वरीयतामा नेपालको सुधार

काठमाडौं, २९ भदौ/रासस

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को एकदिवसीय वरीयतामा नेपालले एक स्थान सुधार गरेको छ।

आइसिसीले मङ्गलवार जारी गरेको नयाँ वरीयतामा नेपालले एक स्थान सुधार गर्दै १५औं स्थानमा उक्लिएको हो। यसअघि नेपाल १६औं स्थानमा रहेको थियो। आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिज अन्तर्गत हिजो भएको खेलमा नेपालले अमेरिकालाई पराजित गरेपछि नेपालको वरीयतामा सुधार आएको हो।

ओमान भ्रमणमा रहेको नेपालले अमेरिकासँग खेल्नुअघि पपुवा न्यूगिनीविरुद्धको दुई खेलको एकदिवसीय सिरिजसमेत जितेको थियो। एकदिवसीय वरीयतामा न्युजिल्यान्ड शीर्ष स्थानमा छ भने इङ्गल्यान्ड दोस्रो स्थानमा रहेको छ। त्यसैगरी, अस्ट्रेलिया तेस्रो, भारत चौथो र दक्षिण अफ्रिका पाँचौं स्थानमा रहेका छन्।

## विश्वकप क्रिकेट लिग-२: नेपालद्वारा अमेरिका पाँच विकेटले पराजित

-विक्रम गिरी

काठमाडौं, २९ भदौ/रासस

आइसिसी विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक क्रिकेट शृङ्खला अन्तर्गत गए राति भएको खेलमा नेपालले अमेरिकालाई पराजित गरेको छ। ओमानको अल अमिरात क्रिकेट मैदानमा भएको उक्त खेलमा नेपालले अमेरिकालाई पाँच विकेटले हराएको हो।

अमेरिकाले टस जितेर ब्याटिङ गर्दै निर्धारित ५० ओभरको खेलमा नौ विकेट गुमाएर २३० रनको योगफल तयार गरेको थियो। दुई सय ३१ रनको विजयी लक्ष्य नेपालले ४९ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो। नेपालका लागि प्लेयर अफ दी म्याच बनेका कुशल भुर्तेलले ८४ रनको योगदान दिए। उनले ९३ बलको सामना गर्दै तीन छक्का र तीन चौका प्रहार गरे। यस्तै, रोहितकुमार पौडेलले अविजित ६२ रन बनाए। उनले ८७ बल खेल्दै तीन छक्का र दुई चौका



तस्वीरः एएफपी

हाने। नेपालका लागि विनोद भण्डारीले ३७, आशिफ शेखले २३ र कप्तान ज्ञानेन्द्र मल्लले १७ रन बनाए। बलिङतर्फ अमेरिकाका निशर्ग पटेल र नोष्ठुस केन्जिगेले दुई-दुई तथा सौरभ नेत्राभल्करले एक विकेट लिए।

यसअघि २३० रन बनाउने क्रममा अमेरिकाका लागि मोनाङ्क पटेलले शतकीय पारी खेलेका थिए। उनले यस क्रममा ११४ बलको सामना गर्दै १०० रन बनाए। यसमा एक छक्का र नौ चौका सामेल थियो। यस्तै निशर्ग पटेलले २१, सुशान्त मोदनीले १६, करिमा गोरेले १६, स्टेभन टेलरले १४, नोष्ठुस केन्जिगेले १३, सञ्जय कृष्णमूर्तिले १३, अभिषेक प्रदमकरले अविजित १३ र जसकरन मलहोत्राले ११ रन बनाएका थिए। बलिङतर्फ नेपालका लागि विक्रम सोब, सन्दीप लामिछाने र सुशन भारीले दुई-दुई तथा कुशल मल्लले एक विकेट लिए।

ओमान र अमेरिकासितको विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक क्रिकेट शृङ्खला खेल्न नेपाली टोली ओमान गएको हो। ज्ञानेन्द्र मल्ल कप्तान रहेको टोलीमा गुलशन झा, दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आसिफ शेख, आरिफ शेख, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, पवन सर्राफ, अविनाश बोहरा, रोहितकुमार पौडेल, सुशन भारी, शरद भेषवाकर र विक्रम सोब छन्। टोलीमा मुख्य प्रशिक्षक डेभ वाटमोर, व्यवस्थापक मोहम्मद दाउद अन्सारी, टेक्निकल एनालिस्ट रमन शिवाकोटी, फिजियो विक्रम न्यौपाने र ट्रेनर राकेश काशीभाइ गोहित छन्।

ओमान शृङ्खला आगामी असोज ४ गतेसम्म सञ्चालन हुनेछ। त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दुई-दुई खेल खेल्नेछ। आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत ओमान र अमेरिकासित त्रिकोणात्मक एक दिवसीय सिरिज अघि नेपालले यही भदौ २० र २३ गते ओमानमा पपुवा न्युगिनीसित दुई एक दिवसीय खेल खेलेको थियो। नेपाल दुवै खेलमा विजयी भएको थियो।

विश्वकप लिग-२ मा नेपाल रहेको समूहमा पपुवा न्यूगिनी, ओमान, अमेरिका, स्कटल्यान्ड, नामिबिया र युनाइटेड अरब इमिरेटस् (युएई) रहेका छन्। लिग-२ अन्तर्गत नेपालले ओमान र अमेरिकासँग गत वर्ष चार खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा खेलेको थियो। नेपालले दुई खेलमा अमेरिकालाई हराएको थियो भने बाँकी दुई खेलमा ओमानसित पराजित भएको थियो। पाँचौं खेलमा नेपालले अमेरिकालाई हराउँदै ६ अङ्क जोडेको छ। नेपाल आफ्नो समूहको अङ्क तालिकाको छैटौं स्थानमा छ।

यस्तै ओमान १० खेलमध्ये आठमा जित र दुईमा हार बेहोर्दै १६ अङ्कसहित शीर्ष स्थानमा छ। अमेरिका १३ खेलमा ६ खेलमा जित र सातमा हारसहित १२ अङ्क जोड्दै दोस्रो स्थानमा छ। स्कटल्यान्ड आठ खेलमध्ये चारमा जित र तीनमा हारका साथ नौ अङ्क जोड्दै तेस्रो स्थानमा छ। स्कटल्यान्डले खेलेको एउटा खेल वर्षाको कारण रद्द भएको थियो। नामिबिया सात खेलमध्ये चारमा जित र तीनमा हार बेहोर्दै आठ अङ्कसहित चौथो स्थानमा छ।

यसैगरी युएई सात खेलमध्ये तीनमा जित र तीनमा हारका साथ सात अङ्क जोड्दै पाँचौं स्थानमा छ। युएईले खेलेको एउटा खेल रद्द भएको थियो। पपुवा न्यूगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित भएको छ। पपुवा न्यूगिनी अङ्कविहीन बन्दै लिग-२ को पुछारमा छ।

लिग-२ अन्तर्गत सन् २०२३ सम्म नेपालसहित उक्त समूहका सातवटै देश प्रत्येकले ३६ एक दिवसीय खेल खेल्ने छन्। लिग-२ का शीर्ष तीन टोली सन् २०२३ मा भारतमा आयोजना हुने एक दिवसीय विश्वकपका लागि ग्लोबल छनोटमा स्थान बनाउने छन् भने पुछारमा रहने चार टोलीले प्लेअफ खेल्नेछन्। नेपालले आज घरेलु टोली ओमानसित प्रतिस्पर्धा गर्नेछ।

# पुस्तकालय भवनको उद्‌घाटन

प्रस, जनकपुरधाम, २९ भदौ/

जनकपुरधाम उपमहानगरपालिका वडा नं २० देवपुरास्थित जनता माविमा नवनिर्मित पुस्तकालय भवनको उद्‌घाटन भएको छ।

उपमहानगरका प्रमुख लालकिशोर साहले मङ्गलवार भवन उद्‌घाटन गरेका हुन्। सो अवसरमा नगरप्रमुख साहले जनकपुरधाम शिक्षा क्षेत्रमा निकै अगाडि बढिसकेको दाबी गर्दै विद्यालय, शिक्षक तथा बालबालिकालाई कुनै पनि किसिमको असुविधा नहोस् भन्ने ध्येयका साथ पालिकाले काम गरिरहेको बताए।



उपमहानगरपालिकाले सबैभन्दा बढी शिक्षा र स्वास्थ्यमा लगानी गरेको चर्चा गर्दै उनले चार वर्षको अवधिमा नगर क्षेत्रमा सामुदायिक शिक्षामा आमूल परिवर्तन भएको दाबी गरे।

उनले सुविधाहरू उपलब्ध हुँदै जाँदा सामुदायिक विद्यालयमा हाल विद्यार्थीको सङ्ख्यामा तेब्बरले वृद्धि भएको बताए।

शिक्षामा गुणस्तर कायम गर्ने विद्यालयहरूका लागि खेलकूद, पुस्तकालयलगायतका आवश्यक वस्तुहरूको कमी हुन नदिइने नगरप्रमुख साहले प्रतिबद्धता जाहेर गरे। राष्ट्रिय बालदिवसको अवसर पारेर आयोजित कार्यक्रममा छात्राहरूलाई साइकल वितरण गरिएको थियो।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा शाखा उपप्रमुख अञ्जु पाण्डे, पुस्तकालय भवन निर्माण समितिका अध्यक्ष रामनाथ दासलगायत शिक्षक, अभिभावक एवं राजनीतिक दलका कार्यकर्ता र नागरिक अगुवाहरूको सहभागिता थियो।